**संघीय संसद**
**राष्ट्रिय सभा**
**चौथो अधिवेशन**
**बैठक - ३७**
**सूचना पत्र - २**
**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**२०७६ भाद्र ५ गते बिहीबार**

---

संघीय संसद, राष्ट्रिय सभाको चौथो अधिवेशनको सैंतीसौं बैठक सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सीनाको अध्यक्षतामा **विहान ११:०५** बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले "शून्य समय" मा बोल्नको लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनुहुँदै निम्न बमोजिमका माननीय सदस्यहरूलाई एक मिनेटभित्र आफ्ना भनाइ राख्न समय दिनुभयो :

**मा. राधेश्याम अधिकारी**ले करिब एक महिना अगाडि प्रधानमन्त्रीले मन्त्रीहरूसँग र मन्त्रीले सचिवहरूसँग कार्यसम्पादन सम्झौता गरेको तर एक महिना नबित्दै सोह्र जना सचिवहरूको सरुवा गरिएकोले कार्यसम्पादन सम्झौतामाथि प्रश्न चिन्ह खडा भएको बताउनुभयो । उहाँले प्रशासन संयन्त्र जस्तो स्थायी सरकारलाई अस्थिर बनाउँदा सरकारको नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनमा समस्या आउने र समग्र विकास प्रक्रियामा नकारात्मक प्रभाव पर्ने बताउनुहुँदै उक्त कार्यसम्पादन सम्झौताको औचित्यको सन्दर्भमा सरकारको जवाफ माग गर्नुभयो ।

**मा. विन्दा देवी आले (राना)** ले सरकारले निजामती सेवाको विशिष्ट श्रेणीका सचिवहरूलाई कार्यसम्पादन मूल्याङ्कन नगरी सरुवा गर्दा उनीहरूको मनोबल गिर्ने र कार्यसम्पादन प्रभावकारी नहुनेतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. डा. विमला राई पौडयाल**ले सम्माननीय प्रधानमन्त्रीले सर्वदलीय बैठक बसाई 'लोकतन्त्रमाथिको खतरामा सबै राजनीतिक दल एकसाथ डटेर लाग्ने' भन्ने उद्घोषको प्रशंसा गर्नुहुँदै सरकार र प्रतिपक्ष मिलेर बेपत्ता नागरिकहरूको सम्बन्धमा बनेको आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोग सम्बन्धी विषयलाई अगाडि लैजाने सम्बन्धमा भएको संवाद समेत उपलब्धिपूर्ण भएको बताउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "शून्य समय" मा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय **चक्र प्रसाद स्नेही**ले बोल्नका लागि समय माग गर्नुभएको जानकारी गराउनुहुँदै उहाँलाई संक्षेपमा आफ्नो भनाइ राख्न समय उपलब्ध गराउनुभयो ।

**मा. चक्र प्रसाद स्नेही**ले डडेल्धुरा जिल्लाको परशुराम नगरपालिका-८, जबरानीमा गत श्रावण २९ गतेदेखि झाडापखाला हैजाको महामारी चारवटा गाउँमा विस्तार भएको तर उक्त क्षेत्रमा स्वास्थ्यकर्मी तथा औषधोपचारको अभावले दिनप्रतिदिन हैजा फैलिँदै गइरहेको र नियन्त्रणमा नआएकोले केन्द्रबाट आवश्यक औषधोपचार सहित विज्ञ टोली खटाउन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाका सचिव राजेन्द्र फुयाललाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "भूमि सम्बन्धी (आठौं संशोधन) विधेयक, २०७५" लाई सभा समक्ष टेबुल गर्न समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय गृह मन्त्री राम बहादुर थापालाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "प्रहरी समायोजन विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय गृह मन्त्री राम बहादुर थापाले पेश गर्नु भएको "प्रहरी समायोजन

विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि सैद्धान्तिक पक्षमा मात्र छलफलमा हुने जानकारी गराउनुहुँदै उक्त प्रस्तावमाथिको छलफलमा भाग लिने निम्न बमोजिमका माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउनुभयो :

१. मा. ठगेन्द्र प्रकाश पुरी २. मा. प्रकाश पन्थ ३. मा. डा. विमला राई पौडयाल

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय गृह मन्त्री राम बहादुर थापालाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिनुहुँदै "प्रहरी समायोजन विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तदन्तर, सम्माननीय अध्यक्षले "प्रहरी समायोजन विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा **सर्वसम्मति**ले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय गृह मन्त्री राम बहादुर थापालाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरीवेक्षण र समन्वय) विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय गृह मन्त्री राम बहादुर थापाले पेश गर्नु भएको "नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरीवेक्षण र समन्वय) विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि सैद्धान्तिक पक्षमा मात्र छलफलमा हुने जानकारी गराउनुहुँदै उक्त प्रस्तावमाथिको छलफलमा भाग लिने निम्न बमोजिमका माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउनुभयो :

१. मा. राधेश्याम अधिकारी २. मा. जितेन्द्र नारायण देव ३. मा. ठगेन्द्र प्रकाश पुरी

४. मा. रामनारायण बिडारी ५. मा. प्रमिला कुमारी ६. मा. वृषेश चन्द्र लाल

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय गृह मन्त्री राम बहादुर थापालाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिनुहुँदै "नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरीवेक्षण र समन्वय) विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा **सर्वसम्मति**ले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "प्रहरी समायोजन विधेयक, २०७६" र "नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) विधेयक, २०७६" माथि संशोधन प्रस्ताव राख्न चाहने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभा अन्तर्गतको विधेयक शाखा, सिंहदरबारमा संशोधन प्रस्ताव दर्ता गर्न सक्ने व्यहोरा जानकारी गराउनुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक सम्वत् **२०७६ साल भाद्र ६ गते शुक्रबार विहान ११:०० बजे** बस्ने गरी **दिनको १२:२० बजे** बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(मनोहरप्रसाद भट्टराई)
संघीय संसदको महासचिव